कुन्तीको समाचार

(वीररसको खण्डकाव्य)

पूर्णप्रसाद ब्राह्मण

कुन्तीको समाचार

(वीररसको खण्डकाव्य)

पूर्णप्रसाद ब्राह्मण

प्रकाशक- पूर्णप्रसाद ब्राह्मण

संस्करण- प्रथम २०४४ विजयादशमी

संख्या- १००१ थान

(सर्वाधिकार लेखकमा सुरक्षित)

VINAYAK PRESS
Dhobidhara

मूल्य-

समर्पण

शुम्भजस्ता आत्महीन, क्रूर पापपरायण
धर्म, राष्ट्र, प्रजाद्रोही दैत्यतत्त्वहरूकन
जस्ले चाहिन्भने ध्वस्त पारी एक निमेषमा
शान्ति, वैभव, सन्तोष सबिछन् ल्याउन राष्ट्रमा
त्यस्ती दक्षिणकालीमा भक्तिश्रद्धा गरीकन
आमा ! भनी झुकी गर्छु यो पुस्तक समर्पण

—लेखक

हार्दिक शुभेच्छा

—सिद्धिचरण श्रेष्ठ

पूर्वीय साहित्यको बगैंचाको विकासको लागि जीवनदान दिने दुइ प्रमुख जलाशय छन्– रामायण र महाभारत। यी दुवै जलाशयमा के नेपाली, के भारतीय– तुलसीदास, सूरदास, आदिकवि भानुभक्त आदि– विद्वान्हरू प्रशस्त मात्रामा पौडी खेलिरहेका छन् र उनीहरूले तिनैअन्तर्गतका कथा र भावनाहरूको आधारमा आकर्षक कलाकौशलका साथ विभिन्न काव्यरचनाहरू गरेर समाजलाई दिइ पनि रहेका छन्।

यसै क्रममा जयतु संस्कृतम् आन्दोलनका नेता तथा नेपालका एक प्रकाण्ड विद्वान् एवं महाकवि श्री पूर्णप्रसाद ब्राह्मण– जसको सत्यहरिश्चन्द्र नामक संस्कृत महाकाव्य भारत र नेपालका धेरै विद्वान्हरूबाट प्रशंसित छ,– ले आफ्नो रचना अगुल्टो र झिल्काद्वारा पुरानो जहानिया शासनको विरुद्ध जसरी जनतामा उद्बोधन दिनुभएको थियो, त्यसै गरी अहिले 'कुन्तीको समाचार' नामक यस खण्डकाव्यद्वारा देश र नरेशको सेवाको निमित्त वर्तमान समाजलाई जागरण, उन्निद्रण र उद्बोधन गरिरहनुभएकोछ।

२००४ सालतिर लुकी छिपी प्रचार गर्ने गरिएका वहाँका झिल्का र अगुल्टोले जसरी समाजको प्रशंसा पाएका थिए, प्रजातन्त्रको उदय भएकोले हाल खुलेआम प्रचारको अवसरप्राप्त यस खण्डकाव्यले पनि त्यसै गरी समाजको प्रशंसा पाउनेछ भन्ने दृढ आशा राख्तै राजनीति र साहित्य दुवैसित गाँसिएको श्री ब्राह्मणजीको जीवन सदा फलोस् फुलोस् भनेर म आफ्नो हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

कृतज्ञता–अर्पण

पुरानो शासन सम्झदा अहिले पनि कम्प उठ्छ। त्यस्तो वेलामा पनि 'कान्तिविना थन जुइमखु शान्ति' 'नेपाली हूँ कठिन गिरिमा चढ्नलाई सिपालु' यस्ता कविता लेखेर त्यस बखतका नौजवान हामी-हरूलाई सामयिक राष्ट्रिय कर्तव्यको निम्ति निर्देशन, उत्साह र प्रेरणा दिने गुरुस्थानीय जनविश्वसनीय व्यक्तित्व मानेकोले जसलाई म २००४ सालतिर एकान्तमा आफ्ना झिल्का र अगुल्टोका कथा र कविता सुनाउने गर्थें र जसबाट उत्साह, प्रेरणा र ढाडस लिन्थें, त्यस्ता श्रद्धेय व्यक्तित्व कवि सिद्धिचरणज्यू-लाई खुलेआम लेख्न बोल्न पाइने आजको समयमाचाहिं बिर्सनु र त्यस्तै काँटको कुनै ओजस्वी प्रकाशन गर्दा पनि नसम्झनु वहाँप्रति ज्यादै कृतघ्नता हुन्छ भनेर दुइ शब्द लेखिदिन मैले अनुरोध गरेको हुनाले त्यहीअनुसार वहाँले मेरो यस खण्डकाव्यको सन्दर्भमा लेखेर जुन शुभेच्छा व्यक्त गरिदिनु-भयो, त्यसलाई शिरउपर गरेर त्यसनिम्ति म वहाँप्रति सविनय हार्दिक कृतज्ञता अर्पित गर्दछु।

किञ्च– यस प्रकाशनको लागि केही आर्थिक सहायता गरिदिनु भएकोले भू. पू. रा. पं. सदस्य, शिक्षाप्रेमी एवं उदार समाजसेवी श्री रणबहादुर शाहज्यूलाई पनि म कृतज्ञता अर्पित गर्दछु जसले दाङ तिरका ५०-५५ स्कूलहरूलाई सरकारी स्वीकृति नभएसम्म निजी सम्पत्तिबाट सञ्चालित गरिदिनु भएको थियो, र अहिले पनि कति स्कूलहरूलाई त्यसै गरी सञ्चालित गरिदिरहनु भएको छ।

–पूर्णप्रसाद ब्राह्मण

आशा–आकाङ्क्षा

—लेखक

वीर हृदयबाट निस्केका शब्दहरूमा कति उज्जीवक, कति प्रेरक शक्ति हुन्छ ! महाभारत– युद्धमा डराएर पलायन गर्न लागेका आफ्नो सेनाभित्रका डरपोक सिपाहीहरूलाई संबोधन गरेर वीर अश्वत्थामाले भनेका शब्द म सम्झन्छु–

यदि समरमपास्य नास्ति मृत्यो–
र्भयमिति युक्तमितोऽन्यतः प्रयातुम्
अथ मरणमवश्यमेव जन्तोः
किमिति मुधा मलिनं यशः कुरुध्वे ?

अर्थात्– भाइहो ! यो युद्धबाट भागेर उम्केपछि फेरि कुनै दिन पनि तिमीहरूले मृत्युको पञ्जामा पर्नुपर्दैनभने त ठीकै छ, भाग जाओ । होइन, ढीलो वा चाँडो, एक दिन त मृत्युको गाँस हुनु नै छभने किन व्यर्थ भागेर आफ्नो कीर्तिलाई मात्र धमिल्याउँछौ ? आओ युद्धको लागि तयार होओ ।

कति हृदयस्पर्शी वीर उद्‌गार छ यो ? यो कुन्तीको समाचारमा पनि, वीर क्षत्रियाणी कुन्तीका शब्दमा (विदुलाका पनि) त्यत्तिकै ओज छ, त्यत्तिकै प्रेरक शक्ति छ । वेला पनि त्यस्तै थियो । त्यो ताक हस्तिनापुर– राज्यको दुरवस्था यस्तो थियो–

"राजा (धृतराष्ट्र) अन्धा थिए । सन्त, ज्ञानी, नीतिधुरन्धर विदुरजस्ताले दिएका परामर्शहरूलाई उनी बारबार लत्याउँथे । राज्यमा

धर्म, नैतिकता, सदाचार वा कुनै पनि प्रशंसनीय आदर्शको स्थान थिएन। भ्रष्टाचार, अनैतिकता, क्रूरताजस्ता दानवीय भावना र चरित्रको आदर सम्मान हुन्थ्यो। धर्म र मर्यादामा स्वयं नियन्त्रित, सत्यनिष्ठ पञ्च पाण्डवहरूमाथि राज्याधिकारहननका साथ अनेक घातक षड्यन्त्रहरू रचिरहिन्थ्यो। साथै उनीहरूमाथि प्रतिक्रिया गर्न र उनीहरूको तेजोवध गर्न शकुनिजस्ता क्रूर षड्यन्त्रकारी तत्व र सूतपुत्रजस्ता निम्न स्तरका (तात्कालिक सामाजिक परिपाटीअनुसार) व्यक्तिहरूलाई उच्च ओहदा दिएर दुरुत्साहन गरिन्थ्यो। यसरी सत्तापक्षले राजनीतिक प्रतिक्रिया एवं वैयक्तिक द्रोह र ईर्ष्याका भावनाहरूको कार्यान्वितिको लागि केही समयमै जलाएर खाक पार्ने पूर्वसङ्कल्प गरेर एकतिर लाक्षागृहाबि राजसी महलको निर्माणको लागि ठूलो ठूलो (त्यस बखतको) धनराशि खर्चिन्थ्यो-भने, अर्कोतिर भीष्म, द्रोण जस्ता व्यक्तित्वहरूले केवल बाँचनको लागि तथाकथित क्रूर शासनसत्ताको मौनसमर्थन नै गरेर बस्नुपर्थ्यो। राजसभा केवल नाम मात्रको थियो। जसमा क्रूर आत्महीन सत्ताको नै यतिसम्म सर्वोपरि नियन्त्रण थियो कि, माथि भनिसकियो- भीष्म, द्रोण, सात्यकि-जस्ता ठूला ठूला व्यक्तित्वहरू पनि आफ्नो स्वतन्त्र दृष्टिकोण सभामा राख्न, दिन असमर्थ नै हुन्थे। त्यस्तो सभामा नव युवति द्रौपदी जस्ताको चीरहरण गरेर बेइज्जत गरिसक्दा पनि एक शब्द विरोधमा बोल्ने साहस कुनै सभासद्मा हुन सक्तैनथ्यो। यसरी सीमा नाघेको सत्तापक्षको अन्याय अत्याचारले गर्दा राज्यको महत्त्व नै, प्रयोजन नै, ओज नै हराएजस्तो, राज्यसभासद्हरूको उत्साह र जाँगर नै सेलाउँदै गएजस्तो, राष्ट्रमा धर्म र न्यायको मूल्य नै सबैले बिर्सिसकेजस्तो; राष्ट्र र जनताको प्रतिष्ठा र व्यवस्थाको लागि निर्भीक भएर आफुलाई संघर्षको यज्ञमा आहुति गर्न तंसिने कुनै पनि वीर पुरुषको देशमा जन्म नै नभएजस्तो, राज्य हराएर शून्यमा परिणत हुँदै जान लागेजस्तो ! राष्ट्रको यस्तो दयनीय, दुर्गत एवं रिक्त अवस्थामा एक वीर क्षत्रियाणीद्वारा राष्ट्र, धर्म र न्यायको रक्षा एवं प्रतिष्ठाको लागि आफ्ना छोराहरूमा वीर भावनाको

अन्ततः महिषासुरमर्दिनी, शुम्भनिशुम्भनिषूदिनी, जगदम्बा दक्षिणकालीमा आफ्नो निम्नलिखित श्रद्धापूर्ण नमस्कार– अर्पण गर्दै यी आफ्ना आशा र आकाङ्क्षाका वचनहरूलाई म यहीं टुँग्याउछु–

असुरासृग्वसापङ्कचर्चितस्ते करोज्ज्वलः
शुभाय खड्गो भवतु, चण्डिके ! त्वां नता वयम् !

जयतु संस्कृतम् !

–लेखक



वाबु कृष्ण ! तिमीले नै युधिष्ठिरकहाँ गई
भन्नू यति समाचार एक शब्द नबिर्सिई
क्षत्रियाणी म हूँ कूम्रे कुरा गर्न म जान्दिन
अन्याय र अनाचार पनि हेर्न म सक्तिन
उठेर धावा गरिहाल् वैरीमाथि युधिष्ठिर !
जीवन्मृत भई बस्ता हुन्छ भित्र पिरैपिर
जेको निम्ति क्षत्रियाणी पुत्र जन्माउँछन् त्यही
वेला आइपुगेको छ, ख्याल गर् तँ छिटो यही!

कुन्तीसमाचार–माहात्म्य

यो कुन्तीको समाचार
जसले पाठ गर्दछ
त्यसले राष्ट्रको सेवा
गरी स्वर्गति पाउँछ

यसको पाठले अल्छी
भए जांगर पाउँछ
डरपोक भए ठूलो
वीरता प्राप्त गर्दछ

आफ्नो उन्नतिको लागि
मार्ग खोज्दछ जो जन
त्यसको लागि यो पाठ
गर्छ मार्गप्रदर्शन

कोर्राले दुष्ट घोडामा
नियन्त्रण, प्रवर्तन
राखे झैं यसले राख्छ
युवामा अनुशासन

जो शत्रुमाथि विजय
गर्न चाहन्छ युद्धमा
त्यसले यो समाचार
लिनैपर्दछ चित्तमा

जो स्त्री छोरालाइ नित्य
यो समाचार भन्दछे
त्यस्ले छोरालाइ राष्ट्र-
भक्त वीर बनाउँछे

आफू पनी वीरमाता
हुन्छे, नाम कमाउँछे
मरेपछि त्यही धर्मबाट
स्वर्गति पाउँछे

"पढ्छे समाचार तर
पुत्र छैन" भने पनि
स्वाभिमानी, राष्ट्रभक्त
अथवा तपको धनी

यस्तै नामी पुत्र त्यस्को
जन्मिइन्छ भनीकन
व्यासजीले भनेका छन्
निःसंशय भईकन

गर्भिणी भइ जो नित्य
यो समाचार पढ्दछे
त्यसले निश्चयै योद्धा
बीर सन्तान पाउँछे

राजामा पनि वैराग्य
भावना उठ्न सक्तछन्
त्यसो हुंदा राज्य, प्रजा
सब नै डूब्न सक्तछन्

त्यो वेलामा नीतिविज्ञ
भै राजाको जुनाफमा
मंत्रीले यो समाचार
बिन्ती गर्नू यथार्थमा

यो सुन्दा फेरि राजामा
शक्ति, उत्साह बढ्दछ
अनि राज्य, प्रजावर्ग
सर्वत्रै स्फूर्ति छाउँछ

यो समाचार–तात्पर्य
बुझेरै नौजवानले
गरे पाठ भने नित्य
भित्री श्रद्धा र भक्तिले

बन्नेछन् तीं महाशूर
बीर धर्मप्रवर्तक
राजा र राष्ट्रका भक्त
न्यायका पनि रक्षक

यो माहात्म्यसंगै जस्ले
त्यो समाचार पढ्दछ
राष्ट्रमा, विश्वमा त्यस्ले
ठूलै स्थान जमाउँछ

–०–

कुन्तीको समाचार

राज्यको हकको लागि
अघि कौरव पाण्डव
तंसिए जुध्न लत्याई
बन्धुता, भ्रातृता, सब

"युद्धले एक थरिको
हुन्छ नै ध्वंस वास्तव
त्यसैले नफुटी राज्य
गरुन् कौरव, पाण्डव"

यो सदिच्छा लिई, पक्ष
दुवैलाई मिलाउन
गए कौरवको राज्य-
सभाभित्र जनार्दन

भव्य त्यो स्वागतपछि
दुर्योधनहरु जब
भए उत्कण्ठित, कुरा
उठाए कृष्णले तब—

भाइ हो ! राख संमान
यो आफ्नो कुरुवंशको
लड्दा आपसमा व्यर्थ
हाँसो हुन्छ पराइको

केही भाग दिंदा राज्य
खोट्टिएला र पो कति
भाइ नै हुन् पाण्डव ती
दिइहाल छिटो त्याँत

साम, दान मिलाएरै
राज्य चल्छ सुयोधन
राज्य निष्कण्टक भए
हुन्छ कीर्ति— प्रवर्धन"

यसरी भीष्म र द्रोण
आदिको साथ लीकन
अनेक नीति, दृष्टान्त,
इतिहास भरीकन

राज्यांश दिनको लागि
जति संकाउंदा पनि
त्यो क्रूर दुर्योधनले
जब मानेनथ्यो अनि

भगवान् कृष्णले भेटी
कुन्तीलाई भने– "अब
सन्धिवार्ता नमिल्ने नै
भयो, थाक्यौं पनी सब

मिल्यो मिलेन कसरी
टुंगियो हो कुरा भनी
सुन्न उत्सुक भै मेरै
प्रतीक्षामा घडी गनी

बस्ता हुनन् भाइहरु
आज नै भेट्न जान्छु म
फुपू ! समाचार कुनै
छ भने लगिदिन्छु म"

कृष्णको यो वचनले
कुन्तीमा वैरिपीडित
छोराहरुप्रति ल्यायो
स्मृति स्नेहप्रपूरित

साथै प्रतीकारहीन
तिनै छोराहरूप्रति
जगायो पनि निन्दा र
क्षोभको भावना अति

'सन्धिवार्ता' शब्दले फन
भित्र आकृष्ट भैकन
उर्किल्चिएर विद्रोह
भित्र मुर्मुरिईकन

जुर्मुराई उठी ज्यादै
असह्य भइ चित्तमा
भन्न लागिन् कृष्णलाई
कुन्ती कर्कश शब्दमा

"बाबु कृष्ण ! तिमीले नै
युधिष्ठिरकहाँ गई
भन्नू यही समाचार
एक शब्द नबिर्सिई

"हुन्छ जस्तो हँसीपात्र
हुं ब्राह्मण' भनीकन
विनाआचारको वेद
बोक्ने लठुक ब्राह्मण

त्यस्तै 'क्षत्रिय हुं' भन्दै
कामबेगरको धनु
भिर्ने युधिष्ठिर ! भइस्
हंसीपात्र म के भनूं ?

जस्तो व्रात्य ब्राह्मणले
आफ्नो आलस्य दुर्गुण
'ज्ञान' को शब्दले छोप्छ
कर्ममै दोष दीकन

त्यस्तै व्रात्य क्षत्रिय तं
आफ्नो क्लीवत्व–दुर्गुण
'क्षमा' को शब्दले छोप्छस्
युद्धमै दोष दीकन

कता छ क्षात्र कर्तब्य !
संधै भन्छस् क्षमा, क्षमा !
नदेखाई तत्परता
वैरीसादन पक्षमा

भगवान्को बाहुबाटै
सिर्जिएको छ क्षत्रिय
धर्म – न्याय सुरक्षार्थ
खटिएको छ क्षत्रिय !

सच्चा क्षत्रिय झुक्तैन
प्राणै जान्छ भने पनी
भीख माग्दैन विश्वैको
राज्य मिल्छ भने पनि

हामी सुन्थ्यौं अघि खुशी
भईकन कुवेरले
दिएथे राज्य पृथ्वीकै
लिएनन् मुचुकुन्दले

कुवेरलाई तिनले
भने रे क्षात्र धर्मको
संरक्षक म राजा हुं,
पात्र हैन म दानको

ⓘ प्राप्य केही भए युद्धै बाट
होस् यक्षराट्! म त
लिन्छु त्यैं मात्र जो हुन्छ
युद्धबाट उपार्जित

ⓘ मदसिक्तमुखै मृंगाधिप:
करिभिर्वर्तयते स्वयं हतै:
लघयन् खलु तेजसा जगत्
न महानिच्छति भूतिमन्यत:
-महाकवि भारवि

अर्थात् जस्तो आफैंले शिकार गरेका मत्त हात्तीहरूबाट सिंहले देहयात्रा चलाउँछ, आफैं मरेका वा परबाट मारिएका जन्तुहरूलाई त्यसले

क्षत्रियोचित त्यो निष्ठा
सुन्दा ती मुचुकुन्दको
    कन् प्रसन्न भएथ्यो रे
    अन्तरात्मा कुबेरको

आदर्शकै लागि बांच्नु–
पर्छ मान्छे भईकन
    काग, गिद्धसरी बांच्न
    पऱ्यो किन र जन्मन ?

प्रशंसायोग्य त्यसरी
मुचुकुन्द भए किन ?
    भइनस् किन तं ? त्यस्को
    बीज हो हिजडापन

वनवासी गुप्तवासी
हुने, फर्केर पस्ने
    घट्तै घट्तै गाउँ जावो
    भीख माग्न पठाउने

छुदैन । त्यस्तै आफ्नो तेजले जगतैलाई गांज्न सक्ने कुनै पनि व्यक्तित्वको प्रकृति नै यस्तो हुन्छ–अरुको दयानिगाहबाट होइन, केवल आफ्नै पुरुषार्थबाट ऊ आफ्नो उन्नति प्रगति चाहन्छ।

भई क्षत्रिय संग्राम,
संघर्षैबाट पन्छिने
★ मान, संमान छोडेर
शत्रुलाई हंसाउने

क्षात्र धर्मैलाइ पोल्ने,
वंशकै शान खुर्कने
पृथ्वीकै भार बन्ने तं
प्रशंसा कसरी हुने ?

स्वर्गीय ती पितृहरू
प्रजापालन – रूपमा
तंबाट कव्यकौ आश
गर्दा हुन् परलोकमा

साथै आफ्नो सन्ततिको
यो धर्मच्युति संझिई
रोलान् पनी तंलाई नै
धिक्कारीकन कल्पिई

तावदाश्रीयते लक्ष्म्या
तावदस्य स्थिरं यश:
पुरुषस्तावदेवाऽसौ
यावन्मानान्न हीयते

★ अर्थात् –धनसंपत्ति भनेको,त्यहीसंम रहेको टिक्ने कुरा हो, जब संम मानिस आफ्नो मान इज्जत रहन्छ।

हुंदा वीरकुलोत्पन्न
राजपुत्र र क्षत्रिय
तंलाई हुनुपर्ने हो
वीर्य, संग्राम नै प्रिय

तर तेरो नियतिको
हो कस्तो पातयोग यो
कहां साम्राज्य र कहाँ
भिक्षा त्यो पांच गाउंको

तं जन्मदा सार्वभौम
सम्राट्की जननी हुने
मेरो स्वप्न थियो मातृ–
वंशसंमै उठाउने

त्यो त स्वप्नै भयो उल्टो
अर्काको अन्नपिण्डको
आशा गरी बांच्न बाध्य
मेरो स्थिति छ आजको !

माता संतप्त, गृहिणी
सतप्तै, छन् प्रजा पनि
राजधर्म सबै विर्सी
के सुत्छस् हिजडा बनी

क्षत्रियाणी म हूं लुत्रे
कुरा गर्न म जान्दिन
अन्याय र अनाचार
पनि हेर्न म सक्तिन

जन्मसिद्ध हकै हुन्छ
आफ्नो पैतृक – अंशमा
जो खोस्न, लिन सक्तैन
त्यो हो नामर्द राज्यमा

उठेर धावा गरिहाल्
वैरीमाथी युधिष्ठिर !
जीवन्मृत भई बस्ता
हुन्छ भित्र पिरै पिर

सुनाउनू यो र अनी
विदुलाको कथा पनि
भनिदिन्छु म हे कृष्ण!
सुनाऊ गइ त्यो पनि

इति प्रथम सर्ग

वरं कण्टकवान् वृक्षो
न शमी सरलाशया
स्पृहणीया वरं वन्ध्या
न माता शान्त तेजसाम्

—महाकवि क्षेमेन्द्र

बरु काँडावार वृक्ष हुन् सोझो हाँगा भएको शमीको ठिङ्गो रूख हुन नपरोस् । त्यस्तै बरु बाँझो नै हुनू, तर पानीमरुवाको आमा हुन चाहिँ नपरोस् ।

पृष्ठ ८ मा कृष्णकुञ्जी (ठेगाना जोडिने)

सौवीर देशमा सारा
नीतिमा पनि विज्ञ नै
विदुला नामकी वीर
क्षत्रियाणी थिइन् कुनै

छोरो राखेर गद्दीमा
गर्थिन् राज्य भने उनै
त्यसैले उनको नाम
थियो विश्वप्रसिद्ध नै

त्यस्ती ती वीर माताको
पुत्र भै जन्मिए पनि
त्यो संजय थियो ज्यादै
अल्छी नामर्द निर्धिनो

कुनै बेला सिन्धुराज-
संग हारेर युद्धमा
सुतेछ त्यो लुकी, भागी
फर्किई दरबारमा

चाल पाएर त्यो, रानी
विदुला क्रोधले जली
छोराकहाँ गई भन्न
लागिन्—"के सुत्तछस् गली ?

यसरी युद्ध छोडेर
भाग्दा वैरीहरू कति
हांसे हुनन्, आफ्नु सेना—
तर्फ रोएहुनन् कति

भएहुनन् खुशी कोही
कोही दिक्क भए हुनन्
तर धिक्कार त दुवै—
थरिले नै गरे हुनन्

मेरा पति थिए त्यस्ता
शूर, वीर, पराक्रमी
ममा पनी छैन कुनै
क्षत्रियाणीत्वको कमि

ए कातर ! कताबांट
यस्तो नामर्द जन्मिइस्
यो स्वस्थ वंशमा गुप्त
रोग झैं कसरी बढिस्?

वैरी देख्ता न ईर्ष्या छ,
न त क्रोधैं छ चित्तमा
के गर्नु छ तलाई रे
व्यर्थ क्षत्रिय पंक्तिमा

तंमा गुण कुनै छैन
पुंस्त्वको परिचायक
तेरो नामर्द चालाले
भन्छ–होस् तं नपुंसक

अजन्मा पुरुष स्तावद्
गतासुस्तृणमेव वा
यावन्नेषुभिरादत्ते
विलुप्तमरिभिर्यशः
अनिर्जयेन द्विषताम्
यस्यामर्षः प्रशाम्यति
पुरुषोक्तिः कथं तस्मिन्
ब्रूहि त्वं हि तपोधन ।
–महाकवि भारवि

अर्थात शत्रु लागेर गएको कीर्तिलाई जबसंम शत्रुमाथि वाणप्रहार गरेर फिर्याउँदैन, त्यहाँसंम अस्तित्वै नभएको त्यस मानिसलाई जन्मेकै थिएन भने पनि हुन्छ, जन्मेर मरिसक्यो भने पनि हुन्छ, त्यो तृण हो, मानिस होइन भने पनि हुन्छ। शत्रु माथि प्रतीकार नगरीकनै विजय नगरीकनै कसैको क्रोध त्यसै सेलाएर जान्छभने, हे तपोधन ! तपाईं नै भन्नुहोस् ! त्यस्तालाई कसरी पुरुष हो भनूं ?

गरू, टूलो बनूँ भन्ने
कत्ति नै छैन चित्तमा
कस्ता मूर्दा पनी मान्छे
जन्मन्छन् यस विश्वमा

खानैसंम भए तुष्ट
हुने क्षुद्र भईकन
भित्रै निर्धो आत्मबल
विनुको जन्तु भैकन

यस्तो नामर्द चालाले
जीवन्मृत भईकन
के सुख्छस्, गइहाल् लड्न
अस्त्र शस्त्र भिरीकन

राष्ट्रद्रोहीहरूलाई
आनन्दित बनाउँदै
आफ्ना मित्रहरूलाई
हतोत्साह तुल्याउँदै

छोडी क्षत्रियकै शान,
बिर्सिई राष्ट्रचिन्तन
दुर्नाम भइ के सुख्छस् ?
लम्पसार भईकन

सर्प जस्ता शत्रुका ती
दाह्रा झिक्ता लडाइंमा
बरु छोरो मऱ्यो भन्दा
धाक हुन्थ्यो समाजमा

छोरो भई क्षत्रियको
युद्धबाट तं भाग्दछस्
लुक्छस् भने इज्जत नै
फाली के बाँच्न खोज्दछस्?

मरिस् भने युद्ध गर्दा
सन्तुष्टै बरु हुन्छु म
भागिस् भने लाजले नै
मरेसरह हुन्छु म

मुखले घास च्येपेर
शत्रुको पाउमा परी
卐 कत्रै संपत्तिशाली बन्
गनिन्छस् तं तृणै सरी

卐शक्ति वैकल्पनम्रस्य
निः सारत्वाल्लधीयसः
जन्मिनो मानही[redacted] नस्य
तृणस्य च समा गतिः

अर्थात्–शक्ति नहुंदा नम्र, सारहीन हुंदा हल्का, यस्तो आत्मसंभावना नभएको मानिस र तृणमा कुनै फरक छैन ।

सांच्चै इच्छा भए जावो
रजौटो भइ वस्न नै
किन बांच्नुपऱ्यो तैंले
व्यर्थ ? श्रेय छ मर्नु नै

अकस्मात् वज्र लागेर
लडेको लास भैकन
के सुन्छस् शत्रुहरुको
हंसी पात्र वनीकन

जन्मिहालिस् व्यर्थ यस्तो
दीन हीन नवन् अब
देखाइहाल् शौर्य आफ्नो
रमाऊन् मित्र बान्धव

धुवांएरै टिक्नु भन्दा
आगो भै भइ भूसको,
एक्कै छिन वरू बल्नू
अगुल्टो भइ तींदुको

आगो भै अति ताता र
पानी भै अति शीतल
राजाका कुलमा छोरा
नजन्मून् नीतिदुर्बल

सच्चा क्षत्रिय चल्दैन
भोग ऐश्वर्यखातिर
किन्तु कर्तव्य सम्झेर
कर्म गर्छ निरन्तर

यस्तै कर्तव्य सम्झेर
लड्न जा, गर् पराक्रम
कि त्यही गतिमा पुग् तं
सबैको जो छ अन्तिम

सेवाको मार्ग राज्यै हो,
त्यो गयो कीर्ति नै गयो
नलड्ने होभने तैंले
बाँचेर अब के भयो ?

कत्रै उत्तरदायित्व-
भार बोकोस युद्धको
थाक्तैन कहिल्यै वीर
घोडा झैं श्रेष्ठ जातको

तं सक्तछस् भने- डूब्नु
परे, खस्नुपरे पनि
साथै वैरीलाइ पनि
लिएरै डूब्, डुबा पनि

नसक्ने नै भए वैरी–
हरूको लक्ष्यमार्गमा
विघ्न पारेर विक्षोभ
ल्याइदे परचक्रमा

कस्तो क्षत्रियता तेरो ?
विपक्ष खुशहाल छ
हेर्दा सबै चालमाल
झन् स्वपक्ष विहाल छ

डूब्यो, डूबिसक्यो राज्य,
सोचिहाल् वीर झैंकन
उद्धार गर् तं आफैं नै
स्वाभिमान झिकीकन !

खालि संख्या वृद्धि गर्ने
जन्मेको क्लीब वृत्तिको
न संघर्ष, न चर्चाको
तं नबन् व्यर्थ जन्मको

यशस्वी छैन जो धर्म,
विद्या, धन कुनैमहां
आमाको मलमूत्रै हो
त्यो, गनिन्न सुपुत्रमा

विद्या, शौर्य र श्रीमध्ये
कुनै एक महास्त्रले
जो जित्न सक्छ संसार
त्यस्लाई मान्छ विश्वले

पराजित भई वैरी
रिझाई बाँच्न खोज्दछस्
क्लीव, कातरको बाटो
मूर्खाईकन खोज्दछस्

यो हो नामर्दको बाटो
हो अकीर्ति, अधर्मको
हो यो फल कुनै तेरो
निन्द्य प्राक्तन कर्मको

भेष कुत्रो, चाल कुत्रो !
सभ्यबाट उपेक्षित
वैरिप्रशंसित, स्वल्प-
संतुष्ट जननिन्दित

यस्ता मान्छेबाट कुनै
पनि मित्र र बान्धव
गर्दैनन् आश यशको,
सुखको पनि वास्तव

तेरो नामर्दपनले
गर्दा यो राज्यवैभव
छोडी निवलन तै पछं
राज्यवाट छिटै अब

खपेर अरुको आँच
बस्न मान्दैन यो मन
नयां ठाउं कता जाने ?
भईकन अकिञ्चन

गयो वंशप्रतिष्ठा त्यो,
भयो राज्य – विनाशन
गरिस् राजा भई कस्तो
काम निन्द्य, अशोभन

ए नालायक ! मेरो के
पापले गर्भमा पसिस्
देख्ता छोरो, कुलाङ्गार
राज्यकै छेद जन्मिइस्

शौर्य उत्साहले हीन,
शत्रु आनन्दवर्धन
यस्ता छोरा कुनै स्त्रीले
नजन्माऊन् कुनै दिन

संग्राममा परिगए
एउटै पुत्र मैं पनि
तपाइंलाई किन यो
चाहियो वैभवै पनि ?

मरेछु म भने सांच्चै
आमा ! त्यस लडाइंमा
तपाइँ पनि चिन्तैले
मर्नुहुन्छ अकालमा

त्यसैले एउटै छोरो
मलाई किन युद्धमा
जा, जा भन्नुभएको हो
नसोचीकन चित्तमा"

छोपेर आत्मदौर्बल्य–
लाई त्यो शब्दजालले
जो भनेथ्यो संजयले
त्यो सुनीकन धैर्यले

छोराको मनमा कत्ति
नदेखी परिवर्त्तन
फेरि तो विदुला रानी
भन्न लागिन् जलीकन–

"निकै बुज्रुक जस्तो भै
बोल्छस्, भाका मिलाउँछस्
जति भन्दा पनी मूर्दा
भएरै बाँच्न खोज्दछस्

पैल्हे तं सुन् बाँच्नु के हो,
केलाइ बाँच्नु भन्दछन्
तत्वद्रष्टाहरू साँच्चै
केलाई मर्नु भन्दछन्–

'दबाई राष्ट्रका द्रोही
उच्च स्थानमहां बसी
बचाई लोकमर्यादा
आफ्नै सिद्धान्तमा बसी

सबैलाई स्निग्ध छाया
दिन सक्ने पनी भई
बाँच्नु नै बाँच्नु हो टूलो
फलवान् वृक्ष कै भई

आफ्नो कातरता छोप्न,
कुनै नीति र शर्तमा
सुम्पेर शक्ति, सिद्धान्त,
कर्तव्य सब शत्रुमा

प्राण धानेर वैरीकै
दयामा, अन्नपिण्डमा
आफ्नाकै पनि अश्रद्धा,
अनास्था र विषादमा

खलांती फुकैं सास फेर्नु,
भित्र संकोच लीकन
किच्च हाँस्नु ! यसैलाई
संझन्छन् मृत्यु सज्जन

आफ्ना मित्रहरू जस्को
देख्ता साहस, विक्रम
भविष्यको आश गर्छन्
त्यो हो पुरुष उत्तम

जो आफ्नै वीर्यले प्राप्त
गर्छ उत्कृष्ट जीवन
पुरुषश्रेष्ठ त्यसकै
हुन्छ सर्वत्र बर्णन !

इति द्वितीय सर्ग

मा जीवन्यः परावज्ञा—
दु:खदग्धोऽपि जीवति
तस्याऽजननिरेवास्तु
जननीक्लेशकारिणः

शत्रुको हेला खपेर, सन्तापले पिल्सिएर बस्नुपर्दा पनि नामर्द भएर शत्रुमाथि कुनै प्रतिकार गर्न सक्तैनभने, व्यर्थै आमालाई गर्भको पीडा दिन मात्र त्यो किन जन्मेको ? त्यस्ताले त जन्मदै नजन्मनु बेस थियो !

त्यो निष्क्रिय हतोत्साह
छोरालाई जगाउन
फेरि ती विदुला रानी
भन्दछिन् डग्लिईकन–

"लिन्नस् भने अब पनि
वीरको मार्ग संजय !
तेरो हुनेछ है दीन-
हीनकै गति निश्चय

मृत्युको डरले आफ्नो
तेज जो धर्मयुद्धमा
लगाउँदैन, त्यो भ्रष्ट
मानिन्छ क्षात्र पंक्तिमा

सोच्दैनस् क्षात्र कर्तव्य,
बुझ्दैनस् वंशगौरव
जान्दैनस् पदमर्यादा
के भोग्लास् राज्यवैभव !

मरणासन्न मान्छेको
निम्ति औषधि व्यर्थ छ ।
त्यस्तै तेरो निम्ति अर्ती
यो सबै अर्थहीन छ

हार्नु क्षत्रियको लागि
यसै शर्म र मर्म हो
त्यस्को पनी प्रतीकारै
नगर्नु झन मृत्यु हो !

नामर्दीलाइ त्यागेर,
जगाईकन पौरुष
लड्ने साहस मात्रै गर्
शत्रु हुन्छन् सबै वश

किन भन्छु भने राज्यै
छ त्यस्तै सिन्धुराजको
विद्रोही छन् प्रजा सारा,
खोज्दै छन् छिद्र राज्यको

ती नै तेरा सैन्य बन्छन्,
तैंले आँट गरिस्भने
राज्य नै साथ लाग्नेछ
तैंले धावा गरिस्भने

सिन्धुराजसंग क्रुद्ध
छन् अरू पनि भूपति
ती पनि जाइलागनेछन्
मौका छोपी त्यसैप्रति

राजवर्ग सबै लाग्दा
अजरामर नै छ को
कुनै दिन कुनै वेला
ढलिहाल्नेछ शत्रु त्यो !

ज्योतिषीले अघी भन्थे
पैल्है सङ्कटमा परी
पछि संजयले गर्ला
जिती राज्य ढलीमली

विजेताकै अर्थमा त्यो
जुरेथ्यो नाम 'संजय'
तेरो विजय पक्कै छ,
लड्न जा भइ निर्भय

न पुर्खाको न मेरो नै
लाभ हेरेर भन्छु म
बचोस् तेरै क्षात्रधर्म
त्यसकै निम्ति थुङ्छु म

के खाने आज ? भोली के ?
यस्तो दुःखमय स्थिति
प्रजामा अनि आफैंमा
नआओस् भइ बेथिति

पतिको, पुत्रको मृत्यु-
दुःखभन्दा भयानकै
हो यो दारिद्रय भन्ने त
शब्द पर्याय मृत्युकै*

कुनै तलाउकी हंसी
तलाऊमैं सरेसरी
आएं म श्रेष्ठ कुलकी
उत्रै कुलमहां सरी

---

*नाऽतः पापीयसीं काञ्चि-
दवस्थां शम्वरोऽब्रवीत्
यत्र नैवाद्य न प्रात-
र्भोजनं प्रतिदृश्यते
पतिपुत्रवधादेतत्
परमं दुःखमब्रवीत्
दारिद्र्यमिति यत् प्रोक्तम्
पर्यायमरणं हि तत्

अर्थात्- "जहां खाने प्रबन्ध न भ्राजको निमित्त छ, न भोलिको निमित्त। योभन्दा पापी अवस्था अर्को हुँदैन। लोग्ने, छोरो मर्नुभन्दा पनि यो ज्यादै दुःखलाग्दो अवस्था हो। दारिद्र्य भनेको मृत्युकै पर्याय शब्द हो" भनेर शम्बरले भनेका छन्।

भएं म आउनासाथैं
स्वामिनी यस राज्यकी
भएं पत्नी हृदयकै
प्रेयसी पतिदेवकी

अमूल्य हार, गहना
वस्त्रले अतिशोभित
भएर म हुँदै आएं
आजसम्म विलोकित

मलाई अघि देख्ने छन्
जो आफ्नै मित्र बान्धव
तिनकै सामु कसरी
दीन भै देखियूँ अब ? ※

※ यत्र देशेऽथवा स्थाने
भोगान् भुक्त्वा स्ववीर्यतः
तस्मिन् विभवहीनो यो
वसेत् स पुरुषाधमः
येनाऽहङ्कारयुक्तेन
चिरं विलसितं पुरा
दीनं वदति तत्रैव
यः परेषां स निन्दितः

अर्थात्- जुन ठाउँमा अघि सम्पत्तिशाली भएर भोगविलास अमनचैन गरेर, अहङ्कार लिएर बस्यो, त्यही ठाउँमा कालान्तरमा सम्पत्तिहीन, दीन दुःखी भएर अरूसंग बोल्छ्मने त्यो मानिस अधम हो, त्यसको निन्दै हुन्छ ।

कसैको पनि सक्तैनौं
अब त्यो टार्न सङ्कट
आफैलाई हुँदै जान्छ
जब त्यैं वृत्तिसङ्कट

त्यसैले नोकर भनौं
वा पण्डित, पुरोहित
हामीलाई सबैले नै
छोड्नेछन् अब निश्चित ॥

बरु ती सबले छाड्दा
सकौंला बाँच्न के गरी
कस्तो होला हृदय यो
शर्म मर्म दुवै परी

॥ वनानि दहतो वह्नेः
सखा भवति मारुतः
स एव दीपनाशाय
कृशे कस्याऽस्ति सौहृदम्

अर्थात्– वनमा ठूलो डढेलो लाग्दा अग्निलाई त्यसरी साथ दिने त्यही हावाले निर्धो बत्तीलाई चाहिं तुरुन्त निभाइदिहाल्छ भने बुझ्नुपर्‍यो– 'निर्धो दुब्लो देखेपछि त्यसमाथि कसैको स्नेह आदर हुंदैन'।

तेरो बुवा र मैले ती
माग्नेलाई कुनै दिन
भनेनौं 'छैन' जे मागून्
क्षात्रधर्म लिईकन

सबैको आश्रय बन्यौं,
गऱ्यौं सेवा समाजको
बनेनौं आश्रित कतै
आड ली क्षात्रधर्मको

राज्यै गएर त्यसरी
पराश्रित भईकन
बस्नैपऱ्योभने केही
लाग्दैन, म त बांच्तिन

बांच्नै पनी म चाहन्न
त्यस्तो हीन भईकन
त्यसैले संजय ! तँ उठ्
लड्न जा, शस्त्र लीकन

अहिलेसम्म कर्तव्य
गर्ने ठाउँ छ संजय !
नत्र यत्ति पनी भित्र
हुन्नथ्यो शान्ति निश्चय

डुङ्गा भैं डुब्न लागेका
हामीलाई बचाइदे
मर्न आंटचौं जीवन दे
बस्न छैन तँ ठाउँ दे !

कुत्रामुत्रा लगाएर
अँध्यारो मुख लीकन
पराश्रित भई आँखा-
भरी आँसू लिईकन

बसेकी म र तेरी त्यो
रानीलाई समाजमा
ए ब्वाङ्ग्रा! कसरी हेर्लास्?
नाक राख्लास् लगी कहाँ

यो तुच्छ जीवनमहां
आसक्ति नलिई अब
लड् तँ कर्तव्य सम्झेर
जित्छस् वैरीहरू सब

बध गर्दा समरमा
एउटै शत्रु वृत्रको
भएथ्यो अघि सर्वत्र
नाम विख्यात इन्द्रको

युद्धमा एउटै शत्रु
हान्दैमा पनि आजको
विश्वसंसारभरि नै
नाम चल्दछ वीरको

आफ्नो नाम सुनाएर
'म हूँ' भन्दै र गर्जंदै
निर्भीक भै हांक दिंदै
वैरीलाई कंपाउँदै

ठोक्तै, लगार्दै वैरीका
मुख्य योद्धाहरूलान
जस्ले हतोत्साह पार्छ
त्यो हो क्षत्रियनन्दन !

नामर्दहरुको त त्यो
युद्धमा काम के भने
कुनै त्यहाँ शूरवीर
योद्धा क्षत्रिय छन् भने

तिनको सम्मानको लागि
आफ्नो त्यो काय सुम्पने
तिनैको भोगको लागि
आफ्नो वैभव अर्पिने

यत्ति हो खास नामर्द-
हरूको काम युद्धमा
त्यस्तो नामर्द तँ नबन्
जन्मी यो वीर वंशमा !

★ सर्वप्रशंसित यही
धारणा हुन्छ वीरमा
बरू मर्नैपरोस् नुघ्नु
नपरोस् वैरिवर्गमा

तँलाई शत्रुले पक्रून्,
घेरा हालून् र गर्जियून्
अनि आफन्तले हेरीरहून्,
रोऊन् र कलिपयून्

त्यौ दृश्य मैंले कहिल्यैं
नपरोस् देख्न संजय !
त्यो अवस्था भोग्नुभन्दा
मर्नैं श्रेय छ निश्चय

★ उद्यच्छेदेव न नमेत्
उद्यमो ह्येव पौरुषम्
अप्यपर्वणि भज्येत
न नमेदिह कहिचित्
—ऋषि मातङ्ग

अर्थात्-उठ्, उद्योग गर्नु नै वीरको काम हो, पुरुषार्थ हो। बरु बीचैमा भाँचिनु [मर्नु] परोस्, शत्रुको अगाडि ननुहोस्।

रूप, यौबन, विद्या छ
कुलको पनि धाक छ
त्यस्ताले युद्धमा भाग्नु
मृत्युभन्दा असह्य छ !

हात मल्दै, लर्खरिंदै
वैरीको तँ पछीपछि
लागेको देख्नु हो मैले
भने के बाँच्नु ! त्योपछि

यो वंशको व्यक्ति कुनै
पछि लागेन शत्रुको
तँ लाग्दछस् भने सांच्चै
मार्ग पर्ला तँ मृत्युको

ब्रह्माले जसको सृष्टि
गरे सीप भरीकन
प्राचीन विज्ञहरूले
गरे जस्को प्रशंसन

भविष्यले पनी गर्ला
जस्को विस्तृत वर्णन
त्यो क्षात्रधर्म कस्तो छ
म जान्दछु गडीकन

भय वा वृत्तिको निम्ति
कुनैं क्षत्रियले पनि
हुँदैन आफ्नो शिर त्यो
नुहाउन कहीं पनि

होओस् क्षत्रिय त्यो नित्य
चण्ड, उद्योगतत्पर
अकालमै बरु मरोस्
नझुकाओस् कतै शिर

एक्लो होस् अथवा होऊन्
अरू त्यस्का सहायक
हुनैपर्छ क्षत्रियले
राष्ट्रशत्रु–नियामक

इति तृतीय सर्ग

स्वयं प्रणमतेऽल्पेऽपि
परवायावुपेयुषि
निदर्शनमसाराणां
लघुर्बहुतृणं नरः

एउटा सानो हावाको अर्थात् शत्रुको झोक्का पर्दैमा हल्लने, झुक्ने तृण भिन्न खूबी नभएको मानिस कस्तो हुन्छ भन्ने कुराको एउटा नमूना हो।

सुनेर खस्रो चर्को त्यो,
क्षात्रधर्मानुशासन
भन्यो संजयले आमा-
लाई विस्मित भैकन–

"आमा ! इस्पातकै गोला-
लाई ठोकी, पिटीकन
बनाएसरिकै साह्रो
तपाईंको छ त्यो मन

तपाइँ वीर पुरुषै-
सरि क्रोध र जोसमा
बस्नुहुन्छ सधैं आमा !
दया शून्य छ चित्तमा

मानों पराइकै आमा
भई आग्रह लीकन
भन्नुहुन्छ मलाई त्यो
युद्धमा गइ हेलिन

आफनै छोरो किन नहोस्,
स्नेहको भाव शून्य छ
कति आश्चर्यलाग्दो यो
क्षत्रियाणी–स्वभावछ !

कतिचोटि भनें मैले
आमा ! खोलेर भित्रको
एउटै मात्र छू अर्को
पुत्र छैन तपाइँको

युद्धमा खतडै हुन्छ,
यसै भन्न म सक्तिन
मरेंभने म आमाको,
रानीको हित देख्तिन

घरमा छैन म भने
यो दर्बार र वैभव
भएकै पनि के स्वाद ?
हुन्छ विष्वाद नै सब''

सुन्दै दिक्क भई रूठ–
लाग्दा संजयका कुरा
ककेर रानी विदुला
भन्दछिन् फेरि यी कुरा–

''आमा, रानी र सम्पत्ति
यै ठूलो सम्झिईकन
फेरि कातरकै भाव,
भाका झिक्छस् गिरीकन

छंदै छ यो, तर ख्याल
गरिहाल् मुख्य कामको
राजाहरू लक्ष्य ताक्छन्
खालि धर्म र अर्थको

यो मौका नगुमोस्
भन्न कर्कराइरहन्छु म
देखाउनु छ यो बेला
तैंले आफ्नु पराक्रम

यही छ आजको तेरो
कर्तव्य––भइ निर्भय
लड्न जा शत्रुले हांस्न
नपाऊन् अब संजय !

नभन्– 'आमा भई आफैं
युद्धमा हेल्दछे' भनी
मजस्ती क्षत्रियाणीले
देख्छे यै स्नेह हो भनी

स्नेहले नै कातरको
मार्ग छेकेर, वीरको
मार्गनिर्देश गर्दै छु
तंलाई क्षात्र धर्मको

परिवारस्नेह, अल्प
स्वार्थ, सौख्य-नियन्त्रित
जनसाधारण सरी
तं नबन् त्राससीमित

तं ता क्षत्रिय, राजाको
पुत्र, राजै स्वयं पनि
तैंले सामान्य जन झैं
हुनुहुन्न कसै पनि

तैंले त वंशको धर्म,
राजाको धर्म थाम्नु छ
सारा ती क्षुद्रसंस्कार-
लाई कुल्चेर उठ्नु छ

त्यसो हैन र अल्छी भै,
भीरु भै यदि बस्नु छ
तंजस्ता व्यक्तिको जन्म
व्यर्थमा अति व्यर्थ छ

यस्ता सन्तान थुप्र्याई
जो रमाउँछ- 'छन्' भनी
त्यो पनी हो निन्द्य भीरु
वंशको सृष्टिकारणी

सच्चा क्षत्रियको काम
न्यायको निम्ति लड्नु हो
☉जितोस्, मरोस् आखिरको
एउटै फल स्वर्ग हो

तर वैरी जिती जस्ले
राष्ट्रको शान राख्तछ
त्यसले स्वर्गको भन्दा
लाख आनन्द भोग्दछ

युद्ध हारेपछी फेरि
कसरी के उपायले
ढालूँ, जितूँ शत्रुलाई
भनी जो जल्छ क्रोधले

☉ मृतैः संप्राप्यते स्वर्गो
जीवद्भिः कीर्तिरुत्तमा
तदुभावपि शूराणाम्
गुणावेतौ सुदुर्लभौ

अर्थात्- धर्मयुद्धमा लड्दा हारे स्वर्ग, जिते राज्य र कीर्ति ! यी कुरा शूर वीरको लागि हुन् । अरूको निमित्त यी दुइटै कुरा दुर्लभ छन् ।

त्यस्ताको वीर आत्मामा
कसरी शान्ति मिल्दछ ?
कि ढल्नुपर्छ आफैं नै
कि वैरी ढाल्नुपर्दछ

होस् क्षत्रिय भने मार्ग
दुइमा एक पक्रिहाल्
नामर्दको पंक्तिबाट
आफ्नो नाम छुटाइहाल्

परान्नभोजी, मन्दात्मा,
भृत्यहीन अरू जन
बाँचेसरी नबाँच् दीन
हीन भै लत्रिईकन"

उपदेश सुनी आफ्नी
आमाको कटु भावको
दियो संजयले फेरि
राय आफ्नै प्रकारको–

"आमा ! अरूलाइ पनी
'युद्धमा जा र मर्' भनी
नभन्नू, म त कुन् छोरो !
भन्नै हुन्न कसै पनी

आफ्ना सन्तानको लागि
साँच्चि नै मातृजातिमा
स्नेह, वात्सल्य, करुणा
हुनैपर्दछ चित्तमा"

छोराको वीरताशून्य,
निर्धो त्यो उपदेशले
भित्र हाँसेर विदुला
भन्छिन् गम्भीर भावले-

मलाई त खुशी लाग्यो
शिक्षा तेरो सुनें जब
मान्दो रहेछस् शिक्षाको
महत्त्व तँ त वास्तव

त्यसैले अब यो मेरो
शिक्षा पनि तँ मानिदे
मृत वंशप्रतिष्ठामा
पुनर्जीवन ल्याइदे

गुमेको राष्ट्रको शान
फिर्याईहाल्नुपर्दछ
त्यसैले शत्रु ढालेर
तैंले फर्कनुपर्दछ !

अनि मात्र तँलाई म
आफ्नो छोरो भनीकन
स्नेह आदर गर्नेछु
सुस्वागत गरीकन"

सुनी संजयले फेरि
आमाको आग्रह त्यही
तथ्य खोली भन्न लाग्यो
नभई अब आग्रही--

"न कोष नै छ अब त्यो,
न सैनिक भनेजति
त्यसैले आश छोडेको
हुँ मैले युद्धका प्रति

तैपनी जित्नको लागि
आमाको पक्वबुद्धिमा
कुनै मार्ग भए, अर्ती
पाऊँ, जान्छु म युद्धमा"

छोराको दृष्टिमा केही
पाएर परिवर्तन
विदुला भन्दछिन् नीति,
धर्मलाई लिईकन---

''सकिए पनि सम्पत्ति,
कोष नै रित्तिए पनि
हीनताभास नलिनू
वीरले कहिल्यै पनि

सम्पत्ति एकै स्थितिमा
रहन्न कहिल्यै पनि
लिनू सन्तोष, यस्तै हो
स्वभाव यसको भनी

यस्तै छ कर्मफलको
नियमै पनि, कर्मले
दिन्छ नै फल यो भन्न
हुन्न सोको हिसावले☐

तस्मात् तैंले कर्म गर्नू
फलेच्छा नन्गिईकन
नछोड्नू कर्म त्यो, नत्र
हुन्न श्रेय कुनै दिन

☐ कर्मण्येवाऽधिकारस्ते
मा फलेषु कदाचन
–गीता

अर्थात्– कर्ममा मात्र तिम्रो अधिकार छ, फलमा छैन ।

सफलै हुन्छु भन्ने यै
विश्वास लिइ चित्तमा
उठोस्, जागोस् र लागोस् नै
मान्छे सतत कर्ममा

उठ् लिईकन उत्साह
को को सिन्धुनरेशका
वैरी र छिद्रान्वेषी छन्,
को छन् भित्र विपक्षका

बदला लिन को खोज्छन्
को कस्ता धनलुब्ध छन्
को को पौरुषमा गर्व
लिन्छन् प्रच्छन्न शत्रु छन्

सबलाई चिनी पत्ता
लगाई दानमानले◆,
लिई आफ्नो पक्षमा गर्
बलसम्वृद्धि धैर्यले

◆ कृत्वा कृत्यविदस्तीर्थे-
ष्वन्तः प्रणिधयः पदम्
विदाङ्कुर्वन्तु महत-
स्तलं विद्विषदम्भसः
—महाकवि माघ

अर्थात् सामयिक नीति कर्तव्य बुझेका, चरहरूलाई भिन्न भिन्न जहाँ जहाँ पुग्नुपर्ने हो पुग्ने अनुमति दिएर तिनीहरूद्वारा शत्रुरूपी पानीको जङ्गारको इयत्ता लिन लगाउनू ।

तिनैद्वारा शत्रुका ती
जमातहरू फोरिहाल्
आँधीमा बादलसरी
टुक्रा टुक्रा बनाइहाल्

विपक्षबाट टुक्रेर
आएका ती जमातमा
नभूलेस् राख्न सौजन्य,
सौहार्द व्यवहारमा

अनि नेतृत्व तेरो नै
बलियो हुन थाल्दछ
विपक्षको बल त्यसै
घट्न, टुक्रिन थाल्दछ

त्यति गर्दा पनि वैरी
छभने दृढ, दुर्जय
साम, दान गरी हात
लिनुपर्दछ संजय !

त्यसो गरे आक्रमण–
भय मेटिइ युद्धको
खर्च बच्ने भई आफ्नो
शक्ति बढ्दछ कोषको

धनसम्पन्न राजाका
इष्टमित्रहरू पनि
बढ्न थाल्छन् आश्रित भै
बस्छन् बान्धव ऊँ बनी

सम्पत्ति सकिएकाको
इष्टमित्र र बान्धव
हुन्नन् कुनै पनी, आफ्ना
गर्छन् निन्दा, घृणा सब

ख्याल गर्नू कुनै शत्रु
सहायक बने पनि
नगर्नू खास विश्वास
मिलेको नै छ यो भनी

इति चतुर्थ सर्ग

अकृत्वा हेलया पादम्
उच्चैर्मूर्धसु विद्विषाम्
कथङ्कारमनालम्बा
कीर्तिर्द्यामधिरोहति ?

शत्रुको अग्लो टाउकोमा गोडाले टेकेर नउभिइदिने, आडै नदिने होभने कसरी आफ्नो कीर्ति माथि स्वर्ग स्वर्गसम्म पुग्न सक्तछ त ?

डराउन हुदैं हुन्न
राजाले दु:खमै पनि
नदेखिनू डराएको
डर भित्र भए पनि

राजा डराउँदा मन्त्री
सेना सब डराउंछन्
पछिल्तिर तिनै अर्कै
धारणा लिन थाल्दछन्

कोही तिनीहरूमध्ये
शत्रुकै पछि लाग्दछन्
कोही शङ्का गरी राजा-
लाई छोडेर भाग्दछन्

कोही कुनै वखतको
अवहेलन सम्झिई
प्रहार गर्न चाहन्छन्
राजामै बदला लिई

कुनै भक्तहरू हुन्छन्
कस्तै सङ्कटमा पनि
राजाको साथ छोड्दैनन्
मनसा बचसा पनि

राजामा पनि कर्तव्य-
बोध यो हुनुपर्दछ
साथमैं राख्न ती भक्त-
लाई के गर्नुपर्दछ !

त्यो क्षात्रधर्म, त्यो राष्ट्र-
कर्तव्य र रिपुप्रति
त्यो नीति ! सब सम्झाएँ
राजामा चाहिने जति

यो सबै मनमा राखी
ठूलो लक्ष्य लिईकन
सेनामा हौसला भर्दै
अघि बढ् शस्त्र लीकन

हे संजय ! निराशा छोड्
त्यो त वंशापमान हो
अब क्षत्रियको धर्म !
युद्धको लागि सज्ज हो !

तैंले साधनको निम्ति
कत्ति पर्दैन घोरिन
खाली तेरो हृदयको
निस्कियोस् वीर गर्जन

तैंले देख्तै नदेखेको
हाम्रो कोष छ राज्यको
तँलाई जति चाहिन्छ
खजाना दिन्छु युद्धको

निर्भीक योद्धा कति छन्
लेखो नै छैन मित्रको
सेना पनी भरीदिन्छु
चाहिन्छ कति लाखको !"

पाई वीर क्षत्रियाणी
आमाको वचनामृत
भई क्लीवत्वमृत ती
भावनाहरु जीवित

भन्यो संजयले आमा
लाई श्रेय दिईकन--
"आमा ! तपाइँको छोरो
हुनुमै गर्व गर्छु म

भावना कति चर्को हो,
वाक्यमा कति शक्ति हो
आमाको वीर वाणी यो
राष्ट्रकै गर्व घोष हो

तपाईंको वीरवाणी
सुन्दा मेरो शरीरमा
रक्त तातेर, उम्लेर
थाल्यो दौडन वेगमा

आमा ! खुल्यो दृष्टि, भएँ
सच्चा पुत्र तपाइँको
सारा कर्तव्यको बोध
भयो क्षत्रिय जातिको

डूबेको राज्यको मैले
उद्धार अब गर्नु छ
लिएर वीरको बाटो
अथवा स्वर्ग जानु छ !

राष्ट्रलाई प्राण, शक्ति
दिन् सक्ने तपाइँको
निर्देशमा लड्छु, आशा
लिई स्वर्ण भविष्यको !

वैरी उखेल्नको लागि,
जयको लागि तत्पर
भएर युद्धमा जान
गर्न लागें म तर्खर"

रानी ती विदुलालाई
भनेर यति सजय
थाल्यो सैन्यहरूलाई
दिन त्यो आफ्नू निर्णय

सुनाई यसरी रानी
विदुलाको सबै कथा
कुन्ती भन्छिन् कृष्णलाई
उघार्दै मनका व्यथा--

"बाबु कृष्ण ! सबैलाई
यो आख्यान सुनाउनू
अनि अर्जुनकै मात्र
कानमा यो पुऱ्याउनू-

"तँ जन्मनासाथ अघि
प्रसूतिगृहमास्तिर
भएथ्यो त्यो नभोवाणी
हे अर्जुन ! मनोहर

"हे कुन्ति ! यो पुत्र तेरो
होला इन्द्रै समानको
पराक्रमी, युद्धमहां
गर्ला संहार शत्रुको

समस्त पृथ्वी यसले
जित्नेछ, स्वर्गमा पनि
यसको कीर्ति पुग्नेछ
पृथ्वीका वीर हो भनी"

म ठान्दछू धर्म जस्तैं
नभोवाणी छ सत्य त्यो
होओस् पनी भनेजस्तै,
हटोस् हाम्रो विपत्ति यो

बाबु कृष्ण ! सबैभन्दा
भीम भीमै छ, भाइमा
उछिनीकन एक्लै नै
जाइलाग्ला विपक्षमा

भाइमिल्दो बनाएर
त्यस्लाई थुंथुम्याउनू
भीम अर्जुन दोटैको
बीचमा यो सुनाउनू—

'जेको निम्ति क्षत्रियाणी
पुत्र जन्माउँछन्, त्यही
वेला आइपुगेको छ
ख्याल गर्नू छिटो यही'

वावु ! भन्नू नकुल र
सहदेवसंगै पनी–
'वीरले प्राणको वाजी
लगाएर भने पनि

आफ्नै पराक्रम तथा
आफ्नै शौर्य र वीर्यको
कमाई भोग्नुमै लिन्छ
गर्व, आनन्द भित्रको

तिमीहरू पनी त्यस्तै
स्वाभिमान लिईकन
सबै मिलेर जागा भै
गर्नू कर्तव्य पालन

क्षत्रियाणी म हूँ भन्छिन्
आत्मसम्मान राख्तछिन्
द्रौपदीको कुरा सुन्नू
नीति, कर्तव्य जान्दछिन्

बाबु ! ती द्रौपदीलाई
पनि भन्न नबिर्संनू
'तिम्रो शील र सेवाले
म तुष्ट छु' भनीदिनू

यति भन्नेबित्तिकै ती
कुन्तीले सम्झिईकन
कोटचाई चीरहरण–
काण्ड क्रोधान्ध भैकन

आँखाभरी आँसु गरी
मुखै लाल गरीकन
भन्न लागिन् कृष्णलाई
फेरि क्षुब्ध भईकन

"मेरा छोराहरू मार्ने
जो षड्यन्त्र बिछ्याइयो,
खेलाई कपटी जूवा
जसरी राज्य खोसियो,

भेडा बाख्रा बनाएर
बनमा जो लगारियो,
गुप्तवासादिको जो जो
दु:खकष्ट दिलाइयो

यी कुराले पनी मेरो
त्यति जल्दैन चित्त त्यो,
द्रौपदी चीरहरण-
काण्डले जति जल्छ यो

रजस्वला युवती छ !
त्यस्तीलाई सभामहां
वस्त्र खैंचेर, नाङ्गी नैं
पार्ने नीच प्रयासमा

लाग्ने, वेइज्जती गर्ने
कस्तो हो त्यो नृशंसता ?
त्यस्तो पनी हेर्न सक्ने
कस्तो त्यो राज्यको सभा !

रहेछन् त्यो सभाभित्र
पिचाशै सब, नत्र त
रोक्थ्योहोला कसैले त्यो
त्यस्तो कर्म विनिन्दित

बिचरीको मर्नु हुन्थ्यो
लाज त्यो बच्तथ्यो कता?
त्यो वेलामा तिमीबाट
नहुँदो हो सहायता

त्यसैले कृष्ण! कट्टै नै
भेटी भाइहरू अब
तताऊ युद्धकै लागि
यी समाचार दी सब–

"संग्राम नै पाप, दुरा-
चारको प्रतिकार हो
संग्राम नै न्यायधर्म-
रक्षाको लौहमार्ग हो

संग्राम नैं राष्ट्र, जन–
द्रोहको प्रतिशोध हो
संग्राम नै क्षत्रियको
यज्ञ, व्रत र धर्म हो"

इति पञ्चम सर्ग
जयतु संस्कृतम्

सामयिक सुझाव

आफ्नो राष्ट्र बचाउन र राष्ट्रमा आफू ज्यूंदो भएर बाँच्न चाहने विश्वका समस्त नवयुवक र नवयुवतिहरूलाई उनीहरूको आत्मबल, ओज र स्फूर्तिको संवर्धनको लागि यस खण्डकाव्यले ठूलो सहयोग गर्नेछ ।

—पूर्णप्रसाद ब्राह्मण